नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय


प.सं.
च.नं.

## प्रेस विज्ञप्ती

OTV Nepal नामक फेसबुक पेजबाट "*सोबिता गौतमले सुट्टक्क यसो गरिसकिछन् ? डकुमेन्ट सहित आए युवा नेता जागृत रायमाझी*" भनी Caption राखी २२ जुन २०२६ को मध्यान्हपछि साझा गरिएको भिडियो सामग्रीको सन्दर्भमा यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल सरकार र गणतन्त्र भारत सरकारबिच २०८२ साल फागुन ५ गते हस्ताक्षर सम्पन्न भई २०८३ साल बैशाख २९ गते प्रतिनिधि सभाको जानकारीका लागि पेस भएको फौजदारी विषयमा पारस्परिक कानूनी सहायता सम्बन्धी सम्झौताको विषयवस्तुलाई लिएर जागृत रायमाझी (Jagrit Rayamajhi) नामक व्यक्तिले दिनुभएको भनिएको अभिव्यक्ति समावेश भएको उल्लिखित भिडियो सामग्रीबाट नेपाल र मित्र राष्ट्र भारतबिच सम्पन्न भएको उक्त सम्झौताको सम्बन्धमा गलत सूचना सम्प्रेषण गरी सर्वसाधारणमा भ्रम सृजना गरिएको देखिन आयो ।

यसमा स्पष्ट हुनुपर्ने विषय यो छ की पारस्परिक कानूनी सहायता भनेको मुख्य गरी दुई राष्ट्रहरूका न्यायिक प्रक्रियामा सहयोग पुर्‍याउन एक राष्ट्रबाट अर्को राष्ट्रमा प्रमाणहरू आदान प्रदान गर्ने कार्य हो, यसभित्र प्रमाणका रूपमा लिखत, दशी वा सम्बन्धित साक्षीको मञ्जुरीमा साक्षीको आदान प्रदान गर्ने कार्यसमेत पर्न आउँछ । उदाहरणका लागि नेपालमा अनुसन्धान भइरहेको कुनै कसूरका सम्बन्धमा साक्षीको रुपमा सहयोग गर्न सक्ने कुनै व्यक्ति भारतमा रहेबसेकोमा निजको मञ्जुरीमा निजलाई नेपालमा ल्याई साक्षी बकपत्र गराएर भारतमा नै फर्काउने जस्तो कार्य पारस्परिक कानूनी सहायताको विषयभित्र पर्छ। अर्कोतिर सपुर्दगी भनेको न्यायको कठघरामा उभ्याउनका लागि एक राष्ट्रबाट अर्को राष्ट्रमा अभियुक्त वा कसूरदारलाई हस्तान्तरण गर्ने कार्य भएको कुरा सबैको जानकारीका लागि अनुरोध गर्न चाहन्छौं ।

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३ बमोजिम सपुर्दगी (Extradition) सम्बन्धी विषय गृह मन्त्रालयको कार्यक्षेत्रभित्रको विषय हो। सो सन्दर्भमा लागू नै नहुने पारस्परिक कानूनी सहायता सम्बन्धी विषयमा यस मन्त्रालयका माननीय मन्त्रीज्यूको समेत मानमर्दन हुने गरी आमजनसाधारणमा भ्रम सिर्जना गर्ने उद्देश्यले प्रसारित उक्त झुट्टा र भ्रमपूर्ण सामग्री प्रति मन्त्रालय खेद प्रकट गर्दछ।

पारस्परिक कानूनी सहायता सम्बन्धी सम्झौताको सम्बन्धमा आधिकारिक जानकारी प्राप्त गर्नका लागि यस मन्त्रालयको वेबसाईट हेर्नुहुन तथा त्यस्ता भ्रामक तथा गलत अभिव्यक्ति तथा सामग्रीबाट दिग्भ्रमित नहुन यो मन्त्रालय सम्पूर्ण सर्वसाधारणहरू समक्ष हार्दिक अपिल गर्दछ ।

(दलबहादुर अधिकारी)
सहसचिव तथा प्रवक्ता

मिति: २०८३/०३/०९
ने.सं. ११४६ तछलाथ्व नवमी


सिंहदरबार, काठमाडौं
फोन : ०१-४२११८७२, ४२११९७४, ४२११९८७, इमेल : infolaw@moljpa.gov.np
Website : www.moljpa.gov.np